दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १७४ | बुटवल | २०८२ असार ०६ गते शुक्रबार | नेपाल संवत ११४५ | Friday June.20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


### पालिकाका नीति कार्यक्रम :

# स्वास्थ्यदेखि जनशक्ति उत्पादन प्राथमिकतामा







**आचार्य प्रदीप**

*बुटवल*

रुपन्देहीका स्थानीय तहहरुले नीति कार्यक्रम ल्याउने क्रम जारी छ । असार १० गतेभित्र नीति कार्यक्रम पारित गरेर बजेट ल्याउनुपर्ने संवैधानिक प्रावधान अनुसार पालिकाहरुका नीति कार्यत्रम आइरहेका हुन् । यसैबिच बिहीबार रुपन्देहीको बुटवल उप-महानगरपालिका र तिलोत्तमा नगरपालिकाले नीति कार्यक्रम ल्याएका छन् । दुबै पालिकाको नीति कार्यक्रममा शिक्षा, स्वास्थ्य, तथा जनशक्ति व्यवस्थापन मुख्य रुपमा रहेको दुबै पालिकाका प्रमुखहरुले नगरसभामा बताएका हुन् ।

बुटवल उप-महानगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि शिक्षा, स्वास्थ्य, सीप तथा रोजगारलाई मुख्य प्राथमिकता दिँदै कृषि, पर्यटन र व्यापारलाई समेत प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । नगरप्रमुख खेलराज पाण्डेयले बिहीबार नगरसभाको १७औं अधिवेशनमा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरूमा बुटवललाई उज्यालो, सफा, सुन्दर, हरियालीसहितको सुरक्षित र समुन्नत शहरको रूपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

'समानता, स्वाभिमान र अवसर– बस्न योग्य बुटवल शहर' भन्ने दीर्घकालीन सोचका साथ सूचना तथा सञ्चार प्रविधिको उच्चतम उपयोगमार्फत् शहरलाई जीवन्त बनाउने योजना पनि प्रस्तुत गरिएको छ ।

'पढाइसँगै रोजगार कार्यक्रमलाई अघि बढाऔं, युवालाई देशमै रहने वातावरण निर्माण गरौं' भन्ने नारालाई सार्थक बनाउँदै, स्नातक तथा स्नातकोत्तर तहका युवाहरुलाई 'ओजिटी' मा खटाइने र भत्ता उपलब्ध गराइनेछ । निजी क्षेत्रसँग सहकार्य गर्दै समृद्ध बुटवल निर्माण गर्ने योजना सार्वजनिक गरिएको छ ।

**यस्ता छन् बुटवलका मुख्य योजना**

'घुमौं बुटवल' अभियानअन्तर्गत यो आर्थिक वर्षलाई बुटवल भ्रमण वर्ष घोषणा गरिँदैछ । बुटवललाई प्रत्येक क्षेत्रमा पर्यटकीय गन्तव्यको केन्द्रबिन्दु बनाउने दीर्घकालीन उद्देश्य अनुरूप गोष्ठी, सम्मेलन तथा विज्ञहरूको सहभागितामा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । 'शिक्षामा सबल, बुटवल अब्बल', 'छोरी पढाऔं, समाज बनाऔं' लगायत नाराहरूलाई आत्मसात गर्दै नगर प्रमुख शैक्षिक सुधार कोष मार्फत विपन्न वर्गका बालबालिकालाई छात्रवृत्ति, पोशाक र शैक्षिक सामग्री उपलब्ध गराइनेछ ।

सरकारी तथा निजी विद्यालयका छात्राहरूलाई निःशुल्क सेनेटरी प्याड वितरण गरिनेछ । फरक क्षमता भएका तथा लैङ्गिक अल्पसंख्यक समुदायको क्षमता अभिवृद्धि गर्न सीप विकास तालिम सञ्चालन गरिनेछ ।

'बाआमासँग नगर प्रमुख कार्यक्रम', 'स्वस्थ शरीर, स्वस्थ मन' अभियान सञ्चालन गरिनेछ । बच्चाहरूलाई नैतिक शिक्षासँग जोड्दै, सुन्दर समाज निर्माण गर्ने अभियान सञ्चालन गरिनेछ ।

चोक-चौतारामा 'मेयर कार्यक्रम', 'मञ्चमा दुई जना भन्दा कमलाई मात्र आसन ग्रहण गर्दा माला हटाऔं', 'सामाजिक विकृति हटाऔं, तडकभडक घटाऔं', 'बुटवलका सिकान, हाम्रो सान' जस्ता नाराहरूलाई प्राथमिकता दिइनेछ । विद्यालयस्तरबाटै खेलाडी उत्पादन गर्न प्रतियोगिताहरू सञ्चालन गरिनेछन् ।

नयाँ खेलाडी, प्रशिक्षक, रेफ्री, अम्पायर उत्पादन गरिने र सबै विद्यालयमा पीटी तालिम सञ्चालन गरिनेछ । 'मेरो टोल म सफा गर्छु' अभियान सुरु गरिनेछ । हरित शहरको अवधारणाअन्तर्गत 'एक घर, तीन रुख' नीति लागू गर्दै आवश्यक अनुदान प्रदान गरिनेछ । 'के पाइन्छ होइन, के चाहिन्छ ?' भन्ने कृषि नीति अबलम्बन गरिनेछ । घरेलु मदिरा उत्पादनलाई कानुनी मान्यता दिँदै मौलिक परम्पराको संरक्षण गरिनेछ । सुकुम्बासी र अव्यवस्थित बासोबास गरिरहेका नागरिकप्रति ध्यान दिँदै, 'लालपुर्जा वितरणबाट उहाँहरूको सम्मान' भन्ने नारालाई सार्थक बनाउन लालपुर्जा वितरणको कार्यलाई निरन्तरता दिइनेछ ।

पछिल्लो निर्वाचनमा प्रमुख र उपप्रमुख पदमा पराजित उम्मेदवारका लागि 'नगर प्रमुख उपविजेता कार्यक्रम' तथा 'उपप्रमुख उपविजेता कार्यक्रम' सञ्चालन गरिनेछ । सबै वडाहरूको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट वडालाई सार्वजनिक रूपमा सम्मान गरिने योजना पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ ।

**जनशक्तिलाई सम्पत्ती मान्दै तिलोत्तमाको नीति कार्यक्रम**

तिलोत्तमा नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै युवालाई लक्षित गरी "दक्ष जनशक्ति नै तिलोत्तमाको सम्पत्ति" भन्ने नारालाई अगाडि सारेको छ । नगर प्रमुख रामकृष्ण खाँणले नीति तथा कार्यक्रम सार्वजनिक गर्दै युवाहरुलाई दक्ष बनाउन तालिम, सीप विकास, रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्धनमा विशेष जोड दिइएको जानकारी दिएका छन् ।

नगरपालिकाले युवा लक्षित प्रविधिमैत्री तालिमहरू सञ्चालन गर्ने, स्वरोजगार कार्यक्रम विस्तार गर्ने, स्टार्टअप र नवप्रवर्तन इनुभेसनमा आधारित परियोजनाहरूमा लगानी बढाउने तथा बेरोजगार युवालाई व्यवसायिक मार्गदर्शन दिने नीति अघि सारेको छ । युवा वर्ग राष्ट्र निर्माणको आधार भएको उल्लेख गर्दै तिलोत्तमाका युवामा भएको क्षमतालाई सीप र प्रविधिको सहायताले आर्थिक उत्पादनमा रूपान्तरण गरिने छ ।

"हाम्रो लक्ष्य तिलोत्तमाका युवालाई आत्मनिर्भर बनाउँदै, नगरको आर्थिक समृद्धिमा सहभागी गराईने भएको छ । यसका साथै, नगरपालिकाले सार्वजनिक निजी साझेदारीमार्फत् युवालाई उत्पादन र सेवा क्षेत्रमा आबद्ध गराउँदै तिलोत्तमा नगरभित्रै रोजगारीको अवसर सिर्जना गर्ने योजना अघि सारेको छ । युवालाई लक्षित यो नीति तथा कार्यक्रमलाई नगरका बौद्धिक, सामाजिक र राजनीतिक वृत्तले स्वागत गरेका छन् । युवा नै परिवर्तनका वाहक हुन् भन्ने सन्देशसहित नगरपालिकाले स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै समावेशी र दिगो विकासको लक्ष्य लिएको छ ।

### बुटवल-नारायणगढ सडकः

# तीन दिनदेखि लगातार अवरुद्ध



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्ड पछिल्लो ३ दिन यता लगातार बन्द भएको छ । २४ घण्टामा एकाध दुई घण्टा यातायात सञ्चालनमा आए पनि लगातार परेको भारी बर्षाले नवलपुरको दुम्किबासस्थित विनयी खोला र दाउन्नेको उकालोमा सडक अवरुद्ध भइरहेको छ ।

लगातार सडक अवरुद्ध भएपछि सडकमा पूर्वपश्चिम दुवैतर्फ सवारी साधनहरुको १०/१० किलोमिटर भन्दा लामो लाइन लाग्न थालेको छ । नेपालकै लाइभ लाइन मानिने पूर्वपश्चिम राजमार्ग ३ दिनदेखि लगातार अवरुद्ध भएपछि जिल्ला प्रहरी कार्यालय नवलपुरले सूचना नै जारी गरी बुटवल नारायणगढ सडक खण्ड प्रयोग नगर्न अनुरोध गरेको छ ।

पूर्वबाट पश्चिम जाने सवारी साधनलाई नारायणगढ मुग्लिन पोखरा स्याङ्जा हुँदै बुटवलको बाटो, पश्चिमबाट पूर्व आउने सवारी साधनलाई बुटवल स्याङ्जा पोखरा मुग्लिन हुँदै नारायणगढको बाटो प्रयोग गर्न अनुरोध गरिएको छ । त्यसैगरी काठमाडौंबाट बुटवल आउने सवारी साधनलाई मुग्लिन पोखरा स्याङजा हुँदै बुटवल आउन र हल्का सवारी साधनलाई कालीगण्डकी कोरिडोरको बाटो त्यो पनि बुझेर मात्र प्रयोग गर्न अनुरोध गरेको छ ।

दाउन्ने र दुम्किबासमा सडक अनुगमन गर्न बिहीबार यहाँ आइपुगेका सडक विभागका आयोजना निर्देशक चुडाराज ढकालले जिल्ला प्रशासन कार्यालय नवलपुरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै पनि अब केही दिन यो बाटो प्रयोग गरेर यात्रा नगर्न आग्रह गरे । उनले भने -'निर्माणको चरणमा केही सकस हुन्छ । यसलाई अझ ३ महिना जति सामान्य मानेर हेरिदिनुहोला ।'

मंगलबार बिहानदेखि दुम्किबासको विनयी खोला र दाउन्नेको उकालोमा सडक अवरुद्ध भएको छ । उक्त अवरुद्ध सडक मंगलबार राति केही बेर र बुधबार साँझ केही बेर सञ्चालनमा आए पनि पुन अवरुद्ध हुन पुगेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक मधु नेपालले बताए । बिहीबार साँझदेखि पुनः एकतर्फी सञ्चालनमा आएको छ, तथापि रातको समयमा डाइभर्सन बगाउने र गाडी समेत बगाउन सक्ने हुने भएकोले डाइभर्सनमा राति सवारी साधन आवागमन बन्द गर्ने गरिएको छ ।

अहिले दाउन्नेको विश्वकर्मा मन्दिर, घ्यू खोलालगायतका क्षेत्रमा बाटो चिप्लो र हिलो भएका कारण सवारी साधन उकालोमा उक्लन मुस्किल भएको छ भने दुम्किबासको विनयी खोलामा डाइभर्सन बगाइरहेको कारण सवारी साधन अवरुद्ध भएको छ ।

दुम्किबासको विनयी खोलामा नयाँ पुल जेठ २३ गते निर्माण सम्पन्न भएको छ । उक्त पुल निर्माण सम्पन्न भएको २८ दिनपछि मात्र सञ्चालनमा ल्याउन मिल्ने भएकोले उक्त पुल असार १९, २० गतेतिर मात्र सञ्चालनमा आउने अवस्था छ, तथापि बिहीबार जिल्ला प्रशासन कार्यालय नवलपुरमा सडक आयोजना, निर्माण कम्पनी र नवलपुरका सुरक्षा निकायबिच भएको छलफलमा पुल निर्माण भएको २१ दिन भित्र अर्थात् असार १४ गते पुल सञ्चालनमा ल्याउन सहमति भएको छ ।


» बाँकी ३ पेजमा



## सडक डिभिजनको अनुरोध

१. बर्खायाम सुरु भैरहेकोले यात्रा गर्दा सतर्क बनौं, पहिरो र बाढीको जोखिमबाट बचौं ।
२. निर्माणधिन सडकमा संकेत पालना गरौं , दुर्घटना हुनबाट जोगिऔं ।
३.ओभरलोड नगरौं , सडक र सवारी दिबै जोगाऔं । सवारी साधन चलाउदा मादक पदार्थ सेवन नगरौं ।
४. सडकमा पानी जमेको ठाउँ पार गर्दा गति घटाऔं, सवारी र जीवन दुबै जोगाऔं ।
५. खोला, नाला र पुराना पुल नजिक अनावश्यक रुपमा रोकिने काम नगरौं।
६. बर्खामा सडक भासिने सम्भावना बढी हुन्छ - चिन्ह र चेतावनी पालना गरौं ।
७. ड्रेनज खुला राखौं, वर्षाको पानी सडकमा जम्न नदिऔं ।
८. बर्खायाममा सडक निर्माण वा मर्मत भइरहेमा धैर्य र सहकार्य गरौं ।
९. बाढी आएको सडक पार गर्न नखोजौं - गहिराइ अनुमानभन्दा गम्भीर हुन सक्छ।
१०. गाडी र मोटरसाइकलको ब्रेक, टायर र लाइट पहिले जाँचौं, पछि पछुताउनु नपरोस् ।
११. जहाँ पहिरोको सम्भावना छ, त्यहाँ बिनाजरूरत नजाऔं।
१२. सडक समस्या देख्ना साथ सडक डिभिजनलाई जानकारी गराऔं - तपाईंको सूचना, सबैको सुरक्षा ।

सडक डिभिजन बुटवल

रुपन्देही

## सम्पादकीय

# राज्य संयन्त्र जिम्मेवार हुनुपर्छ

स्याङ्जामा आँधीखोला संरक्षण अभियन्तामाथि आक्रमण हुनु निन्दनीय छ । आँधीखोला संरक्षणका लागि अभियान चलाइरहेका बेला वालिङ नगरपालिका–१० का वडाध्यक्ष सुनिल खनालसहितको टोलीले आक्रमण गरेको थियो ।

आँधीखोला नदी एउटा सभ्यता हो । यो सभ्यतालाई जोगाउन नदी संरक्षण अभियन्ता मेघ आलेसहितका व्यक्ति अग्रसर हुनु सकारात्मक छ । अहिले नदी खोलाको दोहनमा सेटिङमा भइरहेको र त्यो तोड्न अग्रसर व्यक्तिमाथि आक्रमण गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । वडाध्यक्षकै नेतृत्वमा आक्रमण हुनु सामान्य विषय होइन् । जनप्रतिनिधिले गर्ने मनपरीकाविरुद्ध बोल्नेविरुद्ध भौतिक आक्रमण हुनु झनै निन्दनीय छ । लोकतन्त्र भनेको विधिको शासन हो । लोकतान्त्रिक पद्दतीअन्तर्गत निर्वाचित जनप्रतिनिधिले आलोचनालाई स्विकार गर्न सक्नुपर्छ । कमजोरी भएको भए सच्चाउनुपर्छ ।

वालिङ–१० का वडाध्यक्ष खनालले दोहनको विरोध गर्नेलाई भौतिक आक्रमणको नेतृत्व गरेर जुन निन्दनीय व्यवहार गरे, त्यो गलत हो भन्ने स्थापित गर्न प्रहरीले उनलाई तुरुन्त पक्राउ गरी कानुनी दायरामा ल्याउनुपर्छ । अहिले उनी फरार रहेको भनिएकाले सत्ताकै आडमा उनले उन्मुक्ति पाउनु हुँदैन । वालिङ नगरपालिका- ८ का साजन पंगेनी पक्राउ परेकोले उनैलाई दोषी देखाएर वडाध्यक्षलाई उन्मुक्ति दिने प्रपञ्च भइरहेको आशंकालाई निवारण गरी प्रहरीले समाजलाई विश्वास दिलाउन सक्नुपर्छ । राज्य संयन्त्रप्रतिको विश्वास खस्किदै जाँदा समाजमा अराजकता बढ्ने जोखिम छ ।

पछिल्ला वर्षमा नदी-खोलाहरुमा दोहन बढेको छ । स्थानीय तहले राजस्व संकलनको एउटा महत्वपूर्ण आधार ढुंगा,गिट्टी र बालुवा मानेपछि नदी संरक्षणमा उनीहरुको प्राथमिकता पर्दैन । ढुंगागिट्टी र बालुवाको उत्खनन् गरी आम्दानी गर्दै आएको समूह मनपरी उत्खनन् गरिरहेको छ । स्थानीय तहले उत्खननको स्वीकृति दिनुअघि विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधानलाई पनि बेवास्ता गर्ने प्रवृत्ति बढेको छ । वातावरणीय प्रभाव प्रतिवेदन तथ्यमा आधारितभन्दा कागजमा तयार हुँदा मनपरी दोहन बढेको छ । प्रमुख जिल्ला अधिकारी नेतृत्वको अनुगमन समितिले पनि दोहन नियन्त्रण गर्न बेवास्ता गर्दा जताततै दोहन बढेको छ ।

रूपन्देहीको तिनाउ दोहनमा राज्यसंयन्त्रको बेवास्ता पनि निन्दनीय छ । अत्याधिक दोहनले नदीको सतह गहिरिएको र यसले विपद्को जोखिम बढाइरहेका बेला नियन्त्रण गर्न बेवास्ता भइरहेको छ । स्थानीय तहले राजस्व संकलनको आधारको रुपमा मात्रै नदीलाई हेर्न हुन्न । दोहनले निम्त्याउने विपद्लाई पनि हेर्नुपर्छ । राज्यले उत्खनन् र निकासीका लागि बनाएको विधि र प्रक्रियालाई पालना गर्नुपर्छ ।

# पछारिने कि आत्मसमर्पणको बाटो रोज्ने ?



विन बहादुर कुँवर

*प्रचण्डकै कारण यी सबै घर न घाटका विचल्लीमा परेका छन् । सदन घेराउ, नारा, जुलुस, धर्ना यो सबै उनीहरुलाई तातो आलु मुखमा हालु निलुकी ओकलु भने जस्तै भएको छ । प्रचण्डले ललाई फकाई यिनीहरु रुख चढाएर रुख काट्न थालिहाले । विचरा ! रास्वपाका सभासदहरुले अब गर्छन् के ? रुखबाट पछारी सिद्धिने कि प्रचण्डकै जस्तो ओली-देउवासामु आत्मसमर्पणको बाटो रोज्ने ?*

केही दिनको प्रतिपक्षी दलहरुको अवरोध पछि प्रतिनिधिसभाको सदन अहिले चालु छ । तर त्यहाँ गाईजात्रा छ । दैनिक नारा, जुलुस, घेराउ र धर्ना हुने गरेको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले छोडे पनि अरु प्रतिपक्षी दल रास्वपा र राप्रपाका सांसदहरुको दैनिकी नै सदनमा त्यही भइरहेको छ । सभामुखले सदन चालु भएको जानकारी गराउने, तर रास्वपा र राप्रपाका सभासदहरु भने उठेर होहल्ला नारा, जुलुस, घेराउ र धर्ना गरिहाल्ने । तै पनि कांग्रेस, एमाले र माओवादी केन्द्रका सभासदहरु भने मञ्चमा गई भाषण छाँटिरहेका हुन्छन् । अझ माओवादी केन्द्रका सभासदहरु लाजै नमानी त्यस्तो भाषण छाँटिरहँदा अचम्म लाग्छ । संसदीय परम्परा र मान्यताविपरीत जसले जे गर्दा पनि हुने यो कस्तो चालु संसद र सदन हो ? खासमा कुनै एक सभासदले उठी विरोध गर्दा चालु सदन रोक्ने परम्परा र मान्यता छ । तर यहाँ त एक जना मात्रै होइन दर्जनौं सभासदहरु उठ्ने मात्रै होइन नारा, जुलुस, घेराउ र धर्ना दिइरहँदा पनि सदन चलिरहेकै छ । कस्तो विडम्बना ? गर्नेलाई भन्दा त्यो देख्नेलाई लाज । हुनत यो संसद र संसदीय राज्य व्यवस्था नै यस्तै बाहिर खसीको टाउको देखाएर भित्र कुकुरको मासु बेच्ने थलो । के को लाज, श्रम र नैतिकता ? जे गर्दा पनि हुन्छ ।

अझ लाजै नमानी माओवादी अध्यक्ष प्रचण्डले भन्छन्- आफू प्रतिपक्ष भए पनि सत्तासिन दलकै जस्तो भूमिका निर्वाह गरेको हो । साउनमा आँखा फुटेको गोरुले बाह्रै महिना नै हरियो देख्छ भने झैं प्रचण्डले पनि त्यस्तै जहिले पनि खाली सत्ता नै सत्ता मात्र देखिरहेका हुन्छन् । हिङ नभए पनि हिङ बानेको टालो जस्तै सत्तासिन नभए पनि प्रचण्ड जहिले पनि सत्ताधारी नै भन्न रुचाउँछन् । धन्यवाद क. प्रचण्ड-कांग्रेस-एमालेलाई हाईहाई पार्नु भयो । तर रास्वपालाई बाईबाई र धोका । गृहमन्त्री रमेश लेखकले राजीनामा नदिएसम्म सदन चल्न नदिने वाचा गरी रास्वपालाई समेत उचाली सदन अवरुद्ध पार्ने गरेका प्रचण्ड एकाएक ३६० डिक्रीकोणको फन्को मारी आखिर कांग्रेस-एमालेसामु आत्मसमर्पण गरेका छन् ।

गत जेठ २५ गते 'मानव तस्करीको जालो' शीर्षकमा यही दैनिक लुम्बिनीमा मैले लेखेको थिएँ- 'वर्तमान यो राज्य व्यवस्था सामन्ती दलाल र नोकरशाही बुर्जुवा स्वरुप र चरित्रको छ । यहाँ यस्तो भ्रष्टाचार, तस्करी त्यसमा पनि अझ मानव तस्करी अनि कालो बाजरिया, कमिशन, लुटपाट र ठगी आदि हुनु स्वाभाविक नै छ । यसबाट विश्वका यस्ता कुनै पनि मुलुक शुद्ध र चोखो छँदै छैनन् । यहाँ पनि यस्ता अनेकौं काण्डै काण्ड हुने गरेका छन् । केही बाहिर प्रकटमा छन् भने केही अप्रकट शंकाको घेरामा छन् । यसबाट यसमा कुनै पनि नेता, कार्यकर्ता, कर्मचारी सबै अछुतो शुद्ध छँदैछैनन् । सबै कुनै न कुनै सेटिङ वा डिजाइनमा आबद्ध भई नै रहेका हुन्छन् । नेपालका यस्ता संसदीय दल अनि यिनका नेता, कार्यकर्ता साथै सरकारी तल्ला पियनदेखि ठूला हाकिम, सेना पुलिस अड्डा, अदालत सबै कुनै न कुनै यस्ता काण्डमा मुछिएर डाँमिदै आएका छन् । यी सबैले अहिले एकले अर्कालाई आरोप-प्रत्यारोप गर्दै आए पनि यो कुनैमा पनि शुद्ध र चोखा छँदै छैनन् । अन्ततः यी सबै एउटै काले काले मिलेर खाउँ भाले मै र सबै तैहीं चुप मै चुप भई बस्नेमा छन् । ठीक यो अहिले प्रचण्ड-ओली र देउवामा देखिँदै आएको छ ।

माथि भने जस्तै राज्य सत्ताको स्वरुप र चरित्र नै यस्तो भएपछि यसका सञ्चालन सबै नै यस्ता हुनु र देखिनु स्वाभाविक नै छ । धेरै पछि भर्खर यो राजनीतिमा आएका रास्वपाका सभापति रवि लामिछाने पनि करोडौं सहकारी रकम ठगीमा जेलमै छन् । नयाँ र स्वतन्त्र उम्मेदवार भनिने काठमाडौंका मेयर बालेन शाह अनि धरानका मेयर हर्क साम्पाङहरु माथि पनि यस्ता विभिन्न आर्थिक रकम अपचलनमा तानिन थालेका छन् । पूर्व प्रधानमन्त्री माधवकुमार नेपाललाई पनि अख्तियारले करोडौंको रुपैयाँ भ्रष्टाचार काण्डमा मुद्दा चलाइसकेको छ । त्यस्तै प्रम ओलीको पनि गिरीबन्धु टि गार्डेन जग्गा जमिन अपचलन गरेकोमा अख्तियारमा मुद्दा विचारधीन छ । प्रचण्डको नाममा क्यान्टेनमेन्टका माओवादी लडाकूको अर्बौं रकम हिनामिना गरेको त्यस्तै हजारौं मान्छे मारिएको आरोप प्रचण्डमाथि छ । स्वयं प्रचण्डले ५ हजार मान्छे मारेको जिम्मा लिने स्वीकारी सकेका छन् । क्यान्टेनमेन्टका लडाकूको बारेमा पनि खाली लडाकू ८-१० हजार मात्रै भएको र अरु सबै नक्कली भएको स्वयं प्रचण्डले नै बताएका छन् । ने.का. सभापति आरजुमार्फत् नक्कली भुटानी शरणार्थीको मानव तस्करी काण्डमा मुछिएकै छन् । दिनप्रतिदिन यी सबै दलका कुनै न कुनै नेता र कार्यकर्ताहरु त्यस्ता काण्डमा धमाधम मुछिदै आएका छन् ।

यसरी हेर्दा यी सबै नेताहरु जो कोही पनि चोखा छँदैछैनन् । कुनै न कुनै काण्डमा यी सबै मुछिएकै छन् । तर पनि बेला मौकामा एकले अर्कालाई तर्साउने र जनताको मन जित्न यस्ता काण्डको कुरा उठाउने गर्दछन् । जस्तो अहिले एकातिर अग्नि सापकोटा ज्यान मुद्दा र माधव नेपालको सरकारी जग्गा अपचलन गरेको अख्तियारको मुद्दाले यी सबै नेताहरुको ओठमुख सुकिसकेको छ । कहाँ जान्छस मछेली मेरै ढडिया भने जस्तै प्रचण्ड जतिसुकै उफ्रदैं प्रम ओलीको विरोध गरे पनि आखिर यस्तै काण्डहरुले गर्दा देउवा-ओलीसामु आत्मसमर्पण नगरी सुखै भएन । कस्तो लाजमर्दो सदन मै पूर्व पञ्चे राप्रपाका नेता राजेन्द्र लिङ्देनले प्रचण्डलाई बडो वीरता र बहादुरीका साथ ओली-देउवा समक्ष आत्मसमर्पण गरेको भन्दा हामी जस्ता केही वामपन्थीहरुको समेत लाजले शिर झुकेको छ । हिजोका पञ्चे, फटाहा र राजावादी दलालहरुले पनि त्यस्तो आरोप लगाउँदै प्रचण्डलाई होच्याउने खिसी टयूरी र कार्टुन-जोक्कर बनाइरहेका छन् । ओरालो लागेको मृगलाई बाछाले पनि खेदी लखेट्छ भनेको यही नै हो । अब के गर्ने र भन्ने प्रचण्डकै राजनीतिक गतिविधि दैनिकी नै यस्तै छ । भिरबाट लड्ने गाईलाई रामराम भन्नुभन्दा अरु के नै गर्न सकिन्छ र ?

धोका, षड्यन्त्र र जालझेल क. प्रचण्डको नानीदेखिकै बानी हो । पहिले क. निर्मल लामा र क. मोहन विक्रमलाई त्यसपछि आफ्नै पार्टीका नेता मोहन वैद्य किरणलाई धोका र षड्यन्त्र गरेर माओवादी नेता बने । त्यसपछि फेरि किरण-गजुरेल, बाबुराम अनि विप्लव आदि सबैलाई धोका दिँदै बाह्र बुँदे दिल्ली समझदारीबाट सत्तामा पुगे । त्यहाँ पनि कांग्रेस-एमालेहरुलाई धोका दिँदादिँदै अहिले आफैँले धोका पाएका छन् । तै पनि कुकुर तल परे पनि माथि परे पनि काइकाई भने जस्तै प्रचण्डको त्यो काइकाई र कुइकुई अहिले पनि यथावत नै छ । भिजिट भिसा प्रकरणलाई उचालेर रास्वपा र राप्रपाको साथबाट सरकार ढाल्ने योजना बुन्दाबुन्दै उल्टो ओली-देउवाले उनकै घाँटीमाथि तरबार तेर्साइ हाले । अग्नि सापकोटाको ज्यान मुद्दा र माधवकुमार नेपालको मुद्दा पछि प्रचण्डकै माथि भनिएका अनेक खाले मुद्दा तेर्साउन थाले पनि अन्ततः प्रचण्डका लागि ओली-देउवासामु त्वाम शंरणम-आत्म समर्पण गर्नुको अर्को विकल्प नै भएन । तै पनि उनी भन्छन्- कांग्रेस-एमालेकै कारण अर्थात् सदनमा प्रस्तुत हुने केही महत्वपूर्ण इस्युले गर्दा सदन चालु नगराई नहुने नै भयो । आखिर कुकुर तल परे पनि माथि परे पनि काई काई भनेको यही हो ।

यस पटक भने प्रचण्डबाट धोका रास्वपालाई बढी भएको छ । प्रचण्डकै कारण यी सबै घर न घाटका विचल्लीमा परेका छन् । सदन घेराउ, नारा, जुलुस, धर्ना यो सबै उनीहरुलाई तातो आलु मुखमा हालु निलुकी ओकलु भने जस्तै भएको छ । प्रचण्डले ललाई फकाई यिनीहरु रुख चढाएर रुख काट्न थालिहाले । विचरा ! रास्वपाका सभासदहरुले अब गर्छन् के ? रुखबाट पछारी सिद्धिने कि प्रचण्डकै जस्तो ओली-देउवासामु आत्मसमर्पणको बाटो रोज्ने ?

# बच्चाको लागि कति 'स्क्रिन टाइम' उपयुक्त ?




आजको डिजिटल युगमा मोबाइल, ट्याब्लेट, टेलिभिजन र कम्प्युटर बालबालिकाको जीवनशैलीमा अभिन्न जस्तै बनिसकेको छ । यीनै उपकरणहरूसँग बिताएको समयलाई स्क्रिन टाइम भनिन्छ ।

सुरुमा यस्तो रमाइलो लाग्न सक्ने यी उपकरणहरूको अत्यधिक प्रयोगले बच्चाको भाषा विकास, ध्यान, निद्रा, सामाजिक व्यवहार र मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ भन्ने कुरा वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरिसकेका छन् ।

**स्क्रिन टाइम भनेको के हो**

कुनै पनि स्क्रिन जस्तै टेलिभिजन र मोबाइल र ट्याब्लेटको अगाडि बसेर कुनै पनि डिजिटल गतिविधि जस्तै गेम खेल्नेर भिडियो हेर्ने र सामाजिक सञ्जाल चलाउनेलाई स्क्रिन टाइम भनिन्छ । स्क्रिन टाइमको बेला तपाईं एकै ठाउँमा बसिरहनु हुन्छ र कम भौतिक गतिविधि गर्नु हुन्छ ।

तपाईंको बच्चाको लागि कति स्क्रिन टाइम लाई 'धेरै' भनिन्छ ?

स्क्रिन टाइम र बोली, भाषाको विकास, सञ्चार, ध्यान दिन सक्ने क्षमता, निद्रा र मानसिक स्वास्थ्य बीच सम्बन्ध रहेको देखिन्छ ।

-५ वर्षसम्मको बच्चालाई कति स्क्रिन टाइम उपयुक्त हुन्छ ।

-२ वर्षका बच्चालाई कुनै पनि स्क्रिन नदेखाउने। यद्यपि कहिलेकाहीँ परिवार वा साथीभाइसँग कुरा गर्ने सन्दर्भमा देखाउन सकिनेछ ।

-२ वर्षदेखि ५ वर्षसम्मका बच्चालाई ३० मिनेटभन्दा बढी स्क्रिन टाइम दिनु हुँदैन ।

- ठूलो स्क्रिन प्रयोग गर्नुहोस् । यदि तपाईंको बच्चाले स्क्रिनमा केही हेर्दैछ भने सकेसम्म ठूलो स्क्रिन (जस्तै टेलिभिजन वा कम्प्युटर) प्रयोग गर्नुहोस् । ठूलो स्क्रिन प्रयोग गर्दा आँखामा कम असर पर्छ ।

- बच्चालाई शान्त पार्न मोबाइल र ट्याब्लेट प्रयोग नगर्नुहोस् । धेरै स्क्रिन टाइमले बच्चालाई झिँझो लाग्ने र रिसाउने बनाउँछ । यसको सट्टामा बच्चासँग खेल्ने, गफ गर्ने, सँगै किताब पढ्ने वा कथा सुनाउने गर्नुहोस् ।

**धेरै स्क्रिन देखाउँदा हुने असर**

- बच्चाले थोरै शब्दहरू मात्र बोल्न सक्छ ।
- बोली भाषा विकासमा ढिलाइ हुन सक्छ ।
- सामाजिक व्यवहारमा कठिनाइ आउन सक्छ ।
- ६ वर्षदेखि १० वर्षसम्मका बालबालिकाका लागि
- बिहान मोबाइल वा अन्य स्क्रिन बिना उठ्ने ।
- दिनको १-२ घण्टा मात्र मोबाइलको प्रयोग गर्ने र बिदाको दिनमा २ घण्टाभन्दा बढी प्रयोग नगर्ने ।
- बिहान उठ्ने बेलामा मोबाइल वा अन्य स्क्रिन पहुँच बाहिर राख्नुहोस् ।
- दिनमा १-२ घण्टा व्यायाम गर्ने वा खेल खेल्ने ।
- संवेगात्मक-शारीरिक गतिविधि प्रोत्साहन गर्नुहोस् ।

बच्चाहरू धेरैजसो समय आफूभन्दा ठूला व्यक्तिहरूको नक्कल गर्छन् र उनीहरूकै जस्तै व्यवहार अपनाउँछन् । त्यसैले तपाईंले पनि आफ्नो सामाजिक सञ्जाल र फोन चलाउने बानीमा ध्यान दिनुहोस् र नियन्त्रण गर्नुहोस् ।

**सुत्नुअघि १ घण्टा अगाडि स्क्रिन प्रयोग नगर्नुहोस्**

- बालबालिकालाई सुत्नुभन्दा कम्तिमा पनि १ घण्टा अगाडि कुनै पनि स्क्रिनहरु प्रयोग गर्न नदिनुहोस् ।
- मोबाइल, ट्याब्लेट वा कम्प्युटर सुत्ने कोठाबाट बाहिर राख्नुहोस् ।
- बच्चाले मोबाइल वा स्क्रिनमा के हेरिरहेको छ भनेर निगरानी गर्नुहोस् ।
- हिंसात्मक वा नकारात्मक प्रभाव पार्ने खालका भिडियोहरु हेर्न नदिनुहोस् ।
- साथीभाइसँग घुलमिल हुने अवसर दिनुहोस् ।
- समय हेर्नको लागि भित्ते घडीको प्रयोग गर्नुहोस्, कोठामा कुनै पनि स्क्रिन नराख्नुहोस् ।

धेरै स्क्रिन टाइम वा सामाजिक सञ्जालको प्रयोगले बच्चाको ध्यान केन्द्रित गर्ने क्षमता, निद्रा, र मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । यसले विकसित मस्तिष्कमा पनि असर पार्छ ।

**स्क्रिन भन्दा बाहिरका विकल्पहरू**

-हिँड्ने, दौडिने, साइकल चलाउने जस्ता भौतिक गतिविधिहरूमा संलग्न गराउनुहोस् ।

- बच्चालाई स्क्रिनबाट टाढा राखी एक-आपसमा समय बिताउने प्रयास गर्नुहोस् ।
- सुत्नुअघि कथा वाचन गर्ने बानीले बालबालिकाको समग्र विकासमा ठूलो सहयोग पुर्याउँछ ।

स्वास्थ्य खबरबाट

# सेयर बजारमा २४ अंकको गिरावट



काठमाडौं । सेयर बजार परिसूचक (नेप्से) बिहीबार २४.७६ अंकले घटेको छ । साताको अन्तिम कारोबार दिन नेप्से परिसूचक ०.९३ प्रतिशतले घटेर २६२८.९१ को बिन्दुमा झरेको हो । परिसूचक घटे पनि कारोबार रकममा भने उत्साह देखियो । ११ अर्ब २३ करोड १४ लाख रुपैयाँ बराबरका २ करोड ९४ लाख कित्ता सेयर किनबेच भएको देखिन्छ ।

२४८ कम्पनीका रोहबरमा कुल ३१४ स्क्रिपको कारोबार भएको थियो । त्यसमध्ये २०१ कम्पनीको सेयर मूल्य घट्यो भने जम्मा ४७ वटाको मात्र बढ्यो ।

कारोबार रकमका आधारमा ङादी ग्रुप पावर शीर्ष स्थानमा रह्यो । कम्पनीको ८५ करोड ४४ लाख रुपैयाँभन्दा बढीको कारोबार भयो । त्यसपछि क्रमशः बुटवल पावर कम्पनीको ५८ करोड ९ लाख र शिवश्री हाइड्रोपावरको ४७ करोड ९१ लाख रुपैयाँ बराबरको कारोबार भयो । समग्र बजार ओरालो लागे पनि केही कम्पनीका लगानीकर्ताले भने राम्रो कमाएका छन् । सबैभन्दा बढी कमाउनेमा पञ्चकन्या माई हाइड्रोपावरले ९.९८ प्रतिशत कमाएको छ ।

यस्तै, मध्य भोटेकोशीको मूल्य ५.५५ प्रतिशतले बढेको छ । पियोर इनर्जी र रसुवागढी हाइड्रोपावरको मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबारपछि सेयर बजारको कुल बजार पुँजीकरण ४३ खर्ब ७९ अर्ब रुपैयाँ कायम भएको छ । बजारमा सबै समूहका परिसूचक घटेका छन् । सबैभन्दा धेरै ट्रेडिङ समूहमा २.४७ प्रतिशतले गिरावट आएको छ ।

# दैलेखको जलजलेमा मिथेन ग्यासको विशाल भण्डारण भएको पुष्टि



दैलेख । नेपालको भविष्य उज्यालो बनाउने आशाका संकेत दैलेखको जलजलेबाट देखिन थालेका छन् । चीनको जिओलोजिकल सर्वे कम्पनीले दैलेखमा पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यासको अन्वेषण कार्यको प्रारम्भिक प्रतिवेदन नेपाल सरकारलाई बुझाएको छ । त्यसमा जलजले क्षेत्र मिथेन ग्यासको विशाल भण्डारण स्थल रहेको तथ्य खुलाइएको छ ।

विसं २०७८ बैशाख २८ गतेदेखि सुरु गरिएको पहिलो ड्रिलिङ कार्य चार हजार १३ मिटर गहिराइमा पुर्‍याइएको थियो । त्यहाँबाट सङ्कलन गरिएका नमूनाको परीक्षणमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासको भण्डारण रहेको पुष्टि भएको छ । यो जम्मा चार वटा सम्भावित कुवामध्ये पहिलो कुइँकानको मात्रै प्रारम्भिक नतिजा हो । बाँकी तीन कुइँकानको प्रारम्भिक अनुमानअनुसार जलजले क्षेत्रमै कूल चार सय ३० अर्ब घनमिटर ग्यास हुने प्रक्षेपण गरिएको छ । यसले करिब ५० वर्षसम्म नेपालको ग्यास आवश्यकतालाई पूरा गर्नसक्ने सम्भावना देखिएको छ ।

खानी तथा भूगर्भ विभागका उप-महानिर्देशक तथा पेट्रोलियम अन्वेषण परियोजनाका प्रमुख दिनेशकुमार नापितका अनुसार नेपाल र चीनबीच २०१९ मा भएको जिटुजी सम्झौतापछि यो काम सुरु गरिएको थियो । "नेपाल सरकारले दैलेखको जलजले क्षेत्रमा ४५ रोपनी सरकारी जग्गा अन्वेषण प्रयोजनका लागि छुट्याएर परियोजना सञ्चालन गरेको हो, यो अहिलेसम्मकै सबैभन्दा गहिरो र वैज्ञानिक रूपमा सम्पन्न गरिएको अन्वेषण परियोजना हो ।"-नापितले भने ।

उनका अनुसार हाल प्राप्त भएको प्रतिवेदन प्रारम्भिक हो । ग्यासको गुणस्तर, व्यावसायिक उत्पादनको सम्भाव्यता र आर्थिक लाभांशका विषयमा अझ विस्तृत परीक्षण भइरहेको छ । चिनियाँ कम्पनीले सन् २०२५ डिसेम्बरसम्म अन्तिम प्रतिवेदन दिने तयारी गरेको छ । सोपछि डिसेम्बर भित्रै व्यावसायिक उत्पादन परीक्षण सुरु गर्ने सरकारी योजना रहेको बताइएको छ ।

दैलेखको जमिनले आफैँबाट बल्ने ग्यास र तेल जस्तै पदार्थ चुहिने दृश्य स्थानीयका लागि नयाँ होइन । तर, वैज्ञानिक रूपमा यसको पुष्टि गर्न २०३६ सालदेखि प्रयास हुँदै आएको हो ।

विसं २०७२ मा संविधान जारी गरेपछि भारतले लगाएको नाकाबन्दीले मुलुकभर इन्धन संकट सिर्जना गर्‍यो । यसपछि स्वदेशी ऊर्जा स्रोतप्रति सरकार गम्भीर बन्न बाध्य भयो । त्यही पृष्ठभूमिमा दैलेख फेरि चर्चाको केन्द्रमा आयो ।

यो सङ्कटले एउटा अवसर सिर्जना गर्‍यो । नेपालले स्वदेशी स्रोत पहिचान र उत्खननको सम्भावनामा पहिलो पटक गम्भीर ध्यान केन्द्रित गर्‍यो । विसं २०७५ माघमा नेपाल-चीनबिच पेट्रोलियम अन्वेषणका लागि हस्ताक्षर भएको सम्झौताले एक प्राविधिक प्रगति मात्र होइन, रणनीतिक सन्देश पनि बोकेको छ ।

प्रारम्भिक अन्वेषणमा नेपाली तथा चिनियाँ प्राविधिकले दैलेखको शिरस्थान र नाभिस्थान क्षेत्रमा निरन्तर बगिरहेको ग्यास पेट्रोलियम पदार्थ नै भएको पुष्टि गरेका थिए । दैलेखका छ-सात ठाउँमा पेट्रोल तथा ग्यास खानी रहेको प्राविधिकहरुको अनुमान रहेको छ ।

धेरै पहिला गरिएको सर्भेबाट पनि यहाँ पेट्रोलियम पदार्थ वा ग्यास हुनसक्ने सम्भावना पाइएको थियो । अबको चरणमा त्यसको परिमाण र गुणस्तरबारे विस्तृत रूपमा यकिन गरिको छ । अहिलेको परियोजना चीनको पूर्ण अनुदानमा सञ्चालित नमूना (पाइलट) परियोजना हो । यो चिनियाँ सरकारको जियोलोजिकल सर्भेको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित हो । त्यसको प्रारम्भिक लागत अनुमानित रु दुई अर्ब ५० करोड रहेको थियो । कोभिड-१९ महामारीलगायत विविध कारणले कार्यान्वयनमा ढिलाइ हुँदा लागत पनि बढेको थियो ।

नेपाल सरकारको खानी तथा भूगर्भ विभागले 'पेट्रोलियम अन्वेषण प्रवर्धन परियोजना' स्थापना गरी जग्गा अधिग्रहण, सडक र विद्युत् पहुँच विस्तार तथा प्रशासनिक समन्वयको काम सहजीकरण गरेको थियो । यसले गर्दा स्थानीय जनप्रतिनिधि, प्रशासनिक संयन्त्र वा अन्य कुनै पक्षबाट अवरोध भएन ।

परियोजनाले अन्तिममा सार्थकता पाएपछि दैलेखवासी तथा सरोकारवाला निकाय उत्साहित भएका छन् । उत्खनन्, प्रशोधन, आपूर्ति श्रृंखला तथा प्राविधिक काममा संलग्न जनशक्तिका कारण स्थानीयस्तरमा रोजगारीको अवसर वृद्धि हुने र उद्योगमैत्री वातावरण बन्ने उद्योग वाणिज्य सङ्घ दैलेखका अध्यक्ष नरेन्द्र थापाले जानकारी दिए ।

मुलुकको ऊर्जा सुरक्षाका लागि यो परियोजना एक ऐतिहासिक अवसर सावित हुन सक्ने विश्वास लिइएको छ । प्रारम्भिक अनुमान अनुसारको भण्डारण पुष्टि भएमा नेपाल इन्धन आयातमा निर्भर हुनुपर्ने अवस्थाबाट बिस्तारै मुक्त हुँदै स्वदेशी स्रोतबाट नै ऊर्जा उत्पादन र वितरण गर्न सक्ने अवस्थामा पुग्ने बताइन्छ ।

# सामुदायिक वनद्वारा जीविकोपार्जनका लागि पञ्चेबाजा तालिम

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोटमा रहेको मौलाकाली सामुदायिक वनले जीविकोपार्जनका लागि महिला लक्षित पञ्चेबाजा तालिम प्रदान गरेको छ । गरिबी न्यूनीकरण गर्ने उद्देश्यले वनको कार्यक्षेत्रमा रहेका महिलाहरूको सशक्तीकरणका लागि पञ्चेबाजा तालिम दिइएको हो ।

एक महिनासम्म सञ्चालन हुने तालिममा महिलाले सनही, नरसिंहा, ढोलक, ट्याम्को, झ्याली र दमाहा बजाउन सिक्नेछन् । तालिममा सहभागीले पहिला बाजाको बारेमा जानकारी नभए पनि तालिममा सहभागी भएपछि बजाउन सक्ने आत्मविश्वास बढेको बताउँछन् ।

गैँडाकोट-१ की मञ्जु कुँवर क्षेत्रीले तालिममा सहभागी भएपछि बजाको बारेमा जान्ने र बजाउन सक्ने हुँदै गएको बताइन् । "तालिममा १२ दिन सहभागी हुँदा बाजामा ताल कसरी फेर्ने, शैली कस्तो हुन्छ भन्ने कुरा सिक्यौँ", उनले भनिन्-"मैले सनही बजाउन सिक्दैछु, अब यसमा पम्प फेर्न जानेपछि म व्यावसायिक रूपमा बाजा बजाउन सक्ने हुन्छु ।"

सामुदायिक वनले महिला लक्षित कार्यक्रम दिएर आफूहरूको जीविकोपार्जनमा सहयोग पुर्‍याउँदा खुसी लागेको उनले जनाइन् । "महिलाहरूको पञ्चेबाजा बजाउने टोली नभएको ठाउँमा हामीलाई प्राथमिकता दिएर सिकाउनुभएको छ", उनले भनिन्-"प्रशिक्षकले सहज रूपमा सिकाउने भएकाले स्मरण पनि रहन्छ । बजा बजाउन दक्ष भएपछि हामीले पञ्चेबाजा समूह बनाएर यसलाई व्यवसायिक बनाउने योजना छ ।"

कार्यक्रमका प्रशिक्षक दुर्गाबहादुर पुनले पछिल्लो समय पञ्चेबाजा बजाउनका लागि युवा तथा महिलाको आकर्षण बढ्दै गएको बताए । उनले भने-"करिब १५ वर्ष अगाडि पञ्चेबाजा लोप हुने अवस्थामा पुगेको थियो । त्यसपछि यसको संरक्षण गर्नुपर्छ भनेर समुदायलाई तालिममार्फत सिकाउँदै संस्कृतिको संरक्षण, प्रवर्द्धन र आयआर्जनमा जोड्ने पहल थालेका हौँ ।"

पुनले १२ वर्षदेखि पञ्चेबाजाको प्रशिक्षकका रूपमा समूह उत्पादन गरिरहेको उल्लेख गर्दै कतिपय महिला र युवाहरूले प्रशिक्षण लिएर पञ्चेबाजालाई जीविकोपार्जनको माध्यम बनाएका बताए । "अहिले एउटै गाउँमा पाँच-छ वटासम्म पञ्चेबाजा समूह छन्", उनले भने-"बाजा बजाउन जानेपछि आम्दानी पनि हुने, लोक संस्कृतिको संरक्षण र प्रवर्धन हुने भएकाले अहिले आकर्षण बढ्दै गएको हो ।"

बाजाको बारेमा जानकारी नभएका व्यक्तिलाई सिकाउन सुरुमा केही गाह्रो हुने भए पनि सिक्छु भनेर आउनेहरूले सहज रूपमा सिक्ने गरेका प्रशिक्षक पुनले जनाए । अहिले हरेक सभासमारोह, धार्मिक तथा शुभ कार्यमा पञ्चेबाजाको माग हुने गरेकाले बजाउन सिकेपछि आम्दानीको माध्यम बन्ने उनले विश्वास व्यक्त गरे ।

मौलाकाली सामुदायिक वनका अध्यक्ष हरिप्रसाद सापकोटाले वनले बर्सेनि गरिबी न्यूनीकरणका लागि विभिन्न कार्यक्रमहरू ल्याउने गरेकामा ती कार्यक्रमहरू प्रभावकारी नदेखिएपछि यो वर्ष पञ्चेबाजा तालिम प्रदान गरिएको बताए ।

"सिलाईंबुनाइ, गुडिँया, मुढा निर्माण, करेसाबारी तालिम दिएका थियौँ । तर, ती त्यति प्रभावकारी भएको पाएनौँ", उनले भने-"पञ्चेबाजा तालिमपछि महिलाहरूको सशक्तीकरण हुनेमा हामी विश्वास्त छौँ ।" उनका अनुसार करिब पाँच सय हेक्टर क्षेत्रफलमा फैलिएको यस वनमा दुई हजार ३५० परिवार सदस्य छन् ।

वनले महिला सशक्तीकरणअन्तर्गत जीविकोपार्जन, गैँडाकोट १ र २ नं. वडामा रहेका तीन वटा सामुदायिक विद्यालयमा एक/एक जना शिक्षकको पारिश्रमिक, टोल विकास संस्थालाई आर्थिक सहयोग, विपन्न विद्यार्थीलाई छात्रवृत्तिलगायत कार्य गर्दै आएको अध्यक्ष सापकोटाले जानकारी दिए ।

उनले भने-"सामुदायिक वन उपभोक्ताहरूले सञ्चालन गगर्ने भएकाले यहाँबाट हुने आम्दानी पनि समुदायका लागि खर्च गर्ने गरिएको छ ।" उपभोक्तासँग प्रत्यक्ष जोडिने काम गर्दै वन र वातावरणको संरक्षण, कलासंस्कृतिको प्रवर्द्धन, जलवायु परिवर्तनको असर न्यूनीकरणलगायत क्षेत्रमा काम गर्दै आएको सापकोटाले बताए ।

वनले दिएको पञ्चेबाजा तालिमले हाम्रो धार्मिक संस्कृतिक पहिचानलाई संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेलेको गैँडाकोट नगरपालिकाका पूर्वनगरप्रमुख छत्रराज पौडेल बताउँछन् । समुदायलाई वनसँग जोडेर लैजाँदा वन संरक्षण र जलवायु परिवर्तनको असर कम गराउन समुदायको भूमिका प्रत्यक्षहरुमा देखिने उनको भनाइ छ ।

"हामीले समुदायमा रहेका प्रतिभालाई पहिलो प्राथमिकता दिएर उहाँहरूको हौसला बढाउनुपर्छ", उनले भने-"वनले यसरी समुदायलाई जीविकोपार्जनसम्बन्धी तालिम प्रदान गर्दा वन संरक्षणमा समुदायको सहभागिता थप बढेर जान्छ ।"

## तीन...

दाउन्नेका सडक यो वर्षामा ढलान तथा कालो पत्रे नहुने भएको छ । बिहीबार साँझदेखि सडक विस्तारको काम रोकेर गिटी भर्ने, दबाउनेलगायतका सडक मर्मतको काम सुरु गरिएको छ ।

तीन दिनदेखि पालो कुर्दै ट्रक चालकहरु

पूर्वपश्चिम राजमार्गको बुटवल-नारायणगढ सडक खण्डको नवलपुरमा पर्ने दाउन्ने र दुम्किबासमा सडक अवरुद्ध हुन थालेको लगातार तीन दिन भयो । मंगलबार बिहान भारी वर्षा भएसँग सडक अवरुद्ध हुन सुरु भएको हो ।

अहिले दाउन्नेको उकालो र दुम्किबासको विनयी खोलामा हल्का तथा साना सवारी साधन र यात्रुवाहक बसलाई पहिलो प्राथमिकतामा राखेर पार गराइएको छ भने ट्रक तथा मालवाहक सवारी साधन ३ दिनदेखि बाटोमा नै रोकिएको छ । यहाँ सडक अवरुद्ध हुनासाथ हल्का तथा साना सवारी साधन र यात्रुवाहक बसलाई पहिलो प्राथमिकतामा राखेर पास गराउने गरिएको छ । यात्रुवाहक बस तथा हल्का सवारी साधन पास हुन पनि ५ देखि १४ घण्टासम्म लाग्ने गरेको छ ।

दाउन्नेको उकालोमा मालबाहक सवारी साधन तथा ट्रकहरु फस्ने गरेका कारण बाटोको हिलो र चिप्लो नहटेसम्म मालबाहक सवारी साधनहरुलाई कावासोती, डण्डा, चोरमारा, अरुणखोलामा रोकेर राख्ने गरिएका जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए ।

बुटवलबाट काठमाडौं आउँदै गरेका धादिङका ट्रक चालक बुटवलबाट काठमाडौं हिंडेको तीन दिन भयो, तर उनी अझैं दाउन्नेको जाममा फसेका छन् ।

त्यसैगरी काठमाडौंबाट भैरहवा हिंडेका ट्रक चालक सागर श्रेष्ठ दुई दिनदेखि कावासोतीकै फलफूल चोकमा रोकिएको छन् ।

दाउन्नेको बाटो खुले पनि अगाडि हजारौं ट्रक ठाउँठाउँमा पालो कुरेर बसेका कारण उनको पालो कहिले आउँछ अझैं थाहा छैन । उनले भने - 'दाउन्नेको बाटोका कारण साह्रै सकस भयो राज्यको उदासिनताले यस्तो भएको हो । राज्यले बेलैमा दबाब दिएको भए । बुटवल-नारायणगढ सडक विस्तार ६ वर्षमा नसकिने भन्ने हुने थिएन ।'

सडक सहज गराउन दाउन्नेमा ५०० ट्रक गिटी हालिदै

नारायणघाट-बुटबल सडकको दाउन्ने खण्डले निक्कै दुःख दिन थालेपछि तत्कालका लागि गिट्टी बालुवा हालेर यात्रा सहज बनाउने प्रयास गरिने भएको छ । सडक विभागका आयोजना निर्देशक चुडाराज ढकाल, सडक आयोजना पूर्वी खण्डका प्रमुख अनुजा घिमिरे, पश्चिम खण्डका प्रमुख शशांक मिश्र, चिनियाँ ठेकेदार कम्पनीलगायतले दाउन्ने खण्डको अनुगमन गरेपछि यस्तो प्रयास गरिने भएको हो । तत्कालका लागि दुम्कीवासदेखि खुर्सानी खोलासम्मको भागमा कम्तिमा पाँच सय ट्रक गिट्टी बालुवा हालेर वर्षा भरीलाई यात्रा सहज बनाउन ढकालले निर्देशन दिनुभएको सडक आयोजना पूर्वी खण्डका प्रमुख मिश्रले जानकारी दिए ।

खाल्डाखुल्डी भएको र चिप्लिने ठाउँमा पाँच सय ट्रक अर्थात् पाँच हजार घनमिटर गिट्टी बालुवा हालेर रोलरले पेलेर दुई दिनभित्रमा यो काम सम्पन्न गर्न निर्देशन दिएको मिश्रले बताए ।

अनुगमनमा गएको टोली नै लामो समयसम्म जाममा फसेको थियो । अनुगमनपछि पत्रकारसँग कुरा गर्दै निर्देशक ढकालले दाउन्नेको यात्रा निक्कै असहज भएकोले अत्यावस्यक काम नपरी यो मार्ग भएर यात्रा नगर्न सबैसित आग्रह गरे । समस्या समाधानका लागि आफूहरुले पनि प्रयास गरिरहेको उनको भनाइ छ ।

उनले दसैं अघिसम्म नारायणघाटदेखि बुटवलसम्मको सबै एक सय १४ किलोमिटर बाटो कालोपत्रे भएर सकिने दाबी गरे ।

'वर्षा सकिएको एक ढेड महिनामा दाउन्नेमा ढलान, कालोपत्रे सबै काम सकिन्छ,' निर्देशक ढकालले भने - 'दसैं तिहारमा कसैले पनि यो बाटो असहज भयो भनेर गुनासो गर्नु पर्ने दिन आउँदैन, सबैले कालोपत्रे बाटो भएरै यात्रा गर्न सक्नुहुन्छ ।' वर्षा सुरु भइसकेकाले अब मर्मतबाहेक अन्य काम भने सम्भव नभएको उनको भनाइ छ । 'पहिले कच्ची बाटो हुँदा गाडीहरु आउनै समय लाग्थ्यो, अहिले बुटवलबाट र नारायणघाटबाट एक सयको गतिमा गाडीहरु आउँछन् र सबै दाउन्नेमा रोकिने भएकाले जाम बढी भयो र व्यवस्थापनमा पनि कठिनाई भयो,' निर्देशक ढकालले भने - 'असहजताका बाबजुत पनि हामीले चिनियाँ ठेकेदार कम्पनीलाई काम गराइरहेका छौं, यात्रुहरुले पाएको दुःख अव केही दिनमा हट्छ ।'

सडक आयोजना पश्चिम खण्डका प्रमुख मिश्रका अनुसार भने अझैं १० दिनसम्म बाटो सहज हुनेछैन । 'अझैं केही दिन समस्या हुन सक्छ, तर अबको १० दिनपछि दाउन्नेमा समस्या भयो भनेर कसैले पनि गुनासो गर्नु पर्ने दिन आउँदैन ।'- मिश्रले भने । अब निर्माणको कामलाई घटाएर मर्मतको कामलाई बढी महत्व दिने आयोजनाले जनाएको छ । दाउन्नेको १४ किलोमिटरमध्ये दुईसय मिटरले मात्र समस्या थपेको निर्देशक ढकालले बताए । दुम्किवासस्थित विनयी खोलाको पुल असार १६ गतेदेखि सञ्चालनमा आउने र बाँकी पुल वर्षापछि मात्र सञ्चालनमा आउने आयोजनाले जनाएको छ ।

जिल्ला ट्राफिक कार्यालय नवलपुरका प्रहरी निरीक्षक जनकराज बन्जाराले अहिले सडक विभाग र चाइना स्टेट कम्पनीको टोलीले बिहीबार साँझबाट दाउन्नेको सडक खण्डमा विस्तारको काम रोकेर सडक मर्ममको काममा लागेको छ ।


## सौजन्य साना किसान कृषि सहकारी संस्था लि.

प्रतापपुर-८, पिपरपाती, नवलपरासी (ब.सु.प)

## भाखा नाघेको ऋण बुझाउने बारे ३५ दिने सार्वजनिक सूचना

मिति : २०८२ / ०३ /०६

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तीहरुको निम्न कार्यका लागी पटक-पटक गरी ऋण लिई हालसम्म नबुझाई भाखा नघाएको निम्नानुसारको रकम बुझाउने सम्बन्धमा संस्था र सो अन्तरगतका विभिन्न माध्यमहरुबाट पटक-पटक लिखित तथा मौखिक तर-ताकेता गरिएको हो । निजहरु आफैँबाट ऋण तिर्न गरिएको कबुलियत तथा ऋण लिदा र समूह गठन गर्दा पालन गर्न मन्जुर गरेका शर्तहरु समेत भङ्ग गरी ऋणको साँवा ब्याज तथा हर्जाना समेत नबुझाएको हुदाँ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा आई ऋाण बुझाउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्र पनि ऋण बुझाउन नआएमा सहकारी ऐन २०७४ को दफा ७९ र सहकारी नियमावली २०७५ को दफा ३० तथा यस संस्थाको नियमानुसार ऋण लिदा संस्थालाई लेखि दिएको धितो लिलाम/बिक्रि वा अन्य व्यवस्था गरी संस्थाको लिनु पर्ने रकम असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ साथै तपसिलमा उल्लेखित व्यक्तिहरुलाई निम्न उल्लेखित ऋण लिदा आफ्नो जायजेथा मन्जुरीनामा दिनेहरुलाई उल्लेखित व्यहोराको जानकारी यसै सूचनाद्धारा गराइएको छ ।

तपसिल

| क्र.सं. | ऋणीको नाम थर | स.नं. | ठेगाना | पति वा पत्नीको नाम | बाबुको नाम | बाजे/ससुराको नाम | उद्देश्य | सावाँ | २०८२ जेठ मसान्त सम्मको ब्याज, हर्जाना जम्मा | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जुरीनामा दिने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बच्चा भर | ०१ | प्रतापपुर-६, कठहवा | राजकुमारी भर | मदन भर | रघुरबिर भर | बाखा पालन | २४००००/- | ८८७१३।९८ | ३२८७१३।९८ | स्वयम् | |
| २ | अलसगिर हजाम | ३८ | प्रतापपुर-६, हरपुर | कुरेसा हजाम | मुन्सी हजाम | घुरहु हजाम | केरा खेती | ३५००००/- | ८१०७६।०३ | ४३१०७६।०३ | स्वयम् | |
| ३ | तारा कोइरी | ७६ | प्रतापपुर-६, बैरिया | महाशय कोइरी | चुखुरी कोइरी | इन्द्रासन कोइरी | केरा खेती | २०००००/- | ९०२७९।४५ | २९०२७९।४५ | इन्द्रासन कोइरी | |
| ४ | प्रमिला कुमारी पाण्डेय | १२९ | प्रतापपुर-७, पर्सा | अनिल कुमार पाण्डेय | कुल प्रसाद उपाध्याय | नाथु सिंह पाण्डेय | ञ यापार | १५००००/- | ५६४३६।१६ | २०६४३६।१६ | अनिल कुमार पाण्डेय | |
| ५ | समरावती भर | ८६ | प्रतापपुर-८, पिपरपाती | सविरु भर | कतवारु भर | शिवपुजन भर | बैदेशिक रोजगार | ३०००००/- | ११३६८०।८२ | ४१३६८०।८२ | सविरु भर | |
| ६ | रामप्रसाद भेडिहार | ७४ | प्रतापपुर-८, पिपरपाती | शान्ति भेडिहार | सिताराम भेडिहार | तिलकराम भेडिहार | केरा खेती | ६०००००/- | १५६२९०।४३ | ७५६२९०।४३ | स्वयम् | |
| ७ | सरस्वती कोइरी | १९ | प्रतापपुर-८, पिपरपाती | राधेश्याम कोइरी | सुकराज कोइरी | दुबरु कोइरी | केरा खेती | ७१५०००/- | २४८५९२।४६ | ९६३५९२।४६ | स्वयम् | |
| ८ | जहरी कुमारी कोइरी | ७३ | प्रतापपुर-८, पिपरपाती | रामानन्द कोइरी | ब्रम्हा कोइरी | रामरतन कोइरी | केरा खेती | १००००००/- | ३३८०५४।७९ | १३३८०५४।७९ | रामरतन कोइरी | |
| ९ | रामप्रसाद गौड कहाँर | १०४ | प्रतापपुर-८, पिपरपाती | संगिता देवि गौड कहाँर | मैनु कहार | घुरहु | केरा खेती | १००००००/- | ५०४५७५।३४ | १५०४५७५।३४ | स्वयम् | |
| १० | रामदयाल कोइरी | ९४ | प्रतापपुर-८, फटकीटोल | कमलावत कोइरी | बुधु कोइरी | रघुविर कोइरी | केरा खेती | ४०००००/- | ४०३२०।५४ | ४४०३२०।५४ | स्वयम् | |
| ११ | जयन्त्री केवट | २२ | प्रतापपुर-६, गुठी परसौनी | शिला देवी केवट | हरिचन केवट | सुन्दर केवट | केरा खेती | २५०००००/- | १३८८७७६।७२ | ३८८८७७६।७२ | स्वयम् | |
| १२ | मिना बढई | १०६ | प्रतापपुर-९, पजरकट्टी | सुरेन्द्र बढई | मुन्सी बढई | राधे बढई | गाई पालन | ८०००००/- | ४३३९८४।९४ | १२३३९८४।९४ | स्वयम् | |
| १३ | उत्रीचन चमार | ३० | प्रतापपुर-६, गुठी परसौनी | मन्जु चमार | बेचु चमार | कालु चमार | केरा खेती | ३०००००/- | १६२६२१।१९ | ४६२६२१।१९ | समदुलारी चमार | |



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



**लेकमा बाख्रा गोठ स्थानान्तरण गरिँदैः**
म्याग्दीको सिख गाउँ आसपासका लेकबाट मुस्ताङको थासाङ गाउँपालिका-२ अन्तर्गतको बतासे लेकमा बाख्रा लग्दै किसान। चिसो मौसममा ६ महिना बेंसी र गर्मी मौसममा ६ महिना लेक राख्ने परम्परालाई अङ्गाल्दै उनीहरुले मुस्ताङको बतासे हुँदै विभिन्न लेकहरुमा ६ महिनाका लागि गोठ स्थानान्तरण गरेका हुन् । तस्विरः सुशीलबाबू थकाली/रासस

# स्थापना दिवसमा विविध कार्यक्रम




बुटवल । उद्योग व्यापार संघ बुटवलले सातौ स्थापना दिवसमा विविध कार्यक्रम गरिरहेको छ। स्थापना दिवसको अवसरमा रक्तदान र अर्को दिन सरसफाइ गरी दुई दिन कार्यक्रम गर्न लागिएको महासचिव यमलाल मरासिनीले जानकारी दिए।

संघका अध्यक्ष विष्णुप्रसाद पाण्डेयको अध्यक्षता तथा नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय महासचिव खिमनारायण पराजुलीको प्रमुख आतिथ्यतामा आयोजना भएको रक्तदानमा ५३ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक कोशलराज भण्डारीले जानकारी दिए।

रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको रक्तदानमा संस्थाका वरिष्ठ उपाध्यक्ष लोकनाथ पन्थीलाई ब्लड ब्याग हस्तान्तरण गर्दै शुभारम्भ भएको थियो।

कार्यक्रममा संस्थाका अध्यक्ष पाण्डे, नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय महासचिव पराजुली, संस्थाका उद्योग उपाध्यक्ष पदम जिसीलगायतले रगत अभावमा कसैले ज्यान गुमाउन नपरोस् भनेर कार्यक्रम आयोजना गरिएको बताएका थिए।

यसैबिच शुक्रबार बिहान सरसफाइ कार्यक्रम आयोजना गरिएको जनाइएको छ।

लुम्बिनी नर्सिङ होमदेखि ट्राफिकचोकसम्मको डिभाईडर संस्थाले बनाएको मलजल तथा सरसफाइ कार्यक्रम आयोजना गरिएको जिसीले जानकारी दिए। कार्यक्रम बुटवल ६ अध्यक्ष लोकनाथ न्यौपानेको प्रमुख आतिथ्यतामा हुने जिसीले जानकारी दिए।

# ‘मेड इन नेपाल’ कार्यक्रम सम्पन्न



बुटवल । सिद्धार्थ इन्टरनेशनल कलेज बुटवलले मेड इन नेपाल कार्यक्रम सम्पन्न गरेको छ। नेपाली उद्यमशीलता, संस्कृति र उत्पादनहरुको प्रवर्धन गर्ने नेपाली ह्याण्स नेपाली ब्राण्ड व्यवसायिक मर्मलाई आत्मसात् गरी कार्यक्रम आयोजना गरिएको हो।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै अर्यालले युवाहरुलाई युवाकै उद्यम र परिश्रमको बारेमा जानकारी गराउने कार्यक्रमले उत्प्रेरकको भूमिका खेल्ने बताए । उनले सीप हस्तान्तरण गर्ने वातावरण हुनु उत्कृष्ठ रहेको जनाए।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष चिरञ्जिवी जोशीले युवाहरु लक्षित कार्यक्रम क्याम्पसले गर्दै आइरहेको बताउँदै विद्यार्थीलाई व्यवहारिक सीप सिकाउनु महत्वपूर्ण रहेको बताए।

सिद्धार्थ इन्टरनेशनल कलेज व्यवस्थापन समिति र सिद्धार्थ इन्टरनेशनलकलेज विद्यार्थी कल्याणकारी परिषद्को आयोजनामा सम्पन्न उक्त कार्यक्रममा कलेजका प्रचार्य रामप्रसाद खरेल, विद्यार्थी कल्याणकारी परिषद्का अध्यक्ष दिक्षा पौडेललगायतले बोलेका थिए।

कार्यक्रममा इन्सपाएर एक्सद्वारा ‘बुटवल र यसको बाहिरका अवसरहरू’ विषयमा प्यानल छलफल कार्यक्रम आयोजना गरिएको थियो भने केपीआइ हेल्मेटका निर्देशक सुमन बश्याल तथा मणिग्राम विश्राम बाटिका प्रा.लि.का निर्देशक प्रणन्दा दीक्षित प्यानलिस्टहरू थिए।

उक्त सत्रको मोडरेटर इन्सपाएर एक्सका संस्थापक विशाल श्रेष्ठ रहेका थिए । कार्यक्रममा नेपाली युवा उद्यमीद्वारा उत्पादित वस्तु तथा सेवाका २१ वटा स्टलहरु रहेका थिए । संस्कृति प्रवर्धनका लागि विद्यार्थीद्वारा नृत्यप्रद्शन, स्थानीय नेपाली ब्यान्डद्वारा विशुद्ध नेपाली गीत तथा संगीत प्रस्तुत गरिएको थियो।

विगत १६ वर्षदेखि बुटवल उप-महानरपालिका वडा नम्बर ९ मा अवस्थित रहेर व्यवस्थापन विषयमा विशिष्टीकृत शिक्षा प्रदान गर्दै आएको पोखरा विश्वविद्यालयबाट सम्बन्धनप्राप्त क्याम्पसले विभिन्न रचनात्मक कार्यहरु गर्नुका साथै सामाजिक उत्तरदायित्वका कार्यहरु गर्दै आइरहेको छ।

# भ्रष्टाचारविरुद्धको अभियान घोषणा



**गौरीशंकर जयसवाल**

*परासी*

मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल पश्चिम नवलपरासीले भ्रष्टाचारविरुद्धको अभियान घोषणा गरेको हो । सदरमुकाम परासीमा पत्रकार सम्मेलन आयोजना गरी पछिल्लो समयमा देशमा देखिएको बेथिति र भ्रष्टाचारविरुद्ध सशक्त लागिएको पार्टी जिल्ला सेक्रेटरी रवि पाण्डेले बताए । क्रान्तिकारी कम्युनिस्ट पार्टीले देशभर व्यापक रूपमा मौलाउँदै गएको भ्रष्टाचारविरुद्ध जनचेतना तथा कारबाही अभियान सुरु गर्ने घोषणा गरिएको उनले बताए। स्थानीय तहदेखि केन्द्रसम्म व्याप्त भ्रष्टाचारविरुद्ध आन्दोलनको संकेत दिँदै, तीनवटै तहमा भएको अनियमितताको सशक्त प्रतिरोध गर्ने अठोट व्यक्त गरेको हो।

घोषणासभामा प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज छत्रबहादुर थापाले पछिल्लो समय विदेश रोजगारसम्बन्धी भिजिट भिसा काण्ड, स्थानीय तहमा नदीजन्य पदार्थको दोहन, मिटर ब्याज, सहकारी तथा लघुवित्तमा भएको अनियमिततालगायतका विषयमा ठोस अनुसन्धान र कारबाहीको माग गर्दै, भ्रष्टाचारमा संलग्नहरूलाई अब नछाडिने चेतावनी दिए।

उनले भने-“तिनै तहका सरकारहरूमा भ्रष्टाचार संस्थागत भएको छ । सत्ता सञ्चालन गरिरहेका प्रमुख दलहरू- कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र रास्वपा सबै गलत दिशामा लम्किरहेका छन् । अहिलेको असफल संरचनामा बसेर विकास सम्भव छैन।”

पार्टीका अनुसार नेकपा बहुमत, मसाल र वैद्य नेतृत्वका क्रान्तिकारी माओवादीबिचको एकतापछि पुनर्गठित पार्टीले हालसम्म देशभर १६ ब्युरो र ७७ जिल्लामा डेढ महिनाको जनसम्बन्ध विस्तार अभियान सञ्चालन गरिसकेको छ । अभियानका क्रममा न्यायिक समिति गठन गरिएको जानकारी दिइएको छ, जसले अबदेखि भ्रष्टाचारमा संलग्नहरूलाई “जनस्तरमै कारबाही गर्ने” तयारी गरेको छ । घोषणा कार्यक्रममा थापाले अबदेखि नदीजन्य पदार्थको अवैध दोहन, सहकारी घोटाला, वित्तीय संस्थाबाट गरिएको ठगी तथा जनविरोधी निर्णयहरूविरुद्ध भण्डाफोर अभियान सञ्चालन गरिने बताए । उनका भने-“अब भ्रष्टाचारको स्तरअनुसार सजाय जनताकै हातबाट हुनेछ। चेतावनी मात्र होइन, कारबाहीको चरण सुरु हुन्छ।”

पार्टीले देश भ्रष्टाचार सूचकांकमा १०७औं स्थानमा पुगेको उल्लेख गर्दै वर्तमान प्रणालीलाई जनविरोधी र जनतामाथि थोपिएको दाबी गरेको छ।

स्थानीय तहमा नदीजन्य पदार्थको दोहन, मिटर ब्याज, सहकारी तथा लघुवित्तमा भएको अनियमिततालगायतका विषयमा ठोस अनुसन्धान र कारबाहीको माग गर्दै, भ्रष्टाचारमा संलग्नहरूलाई अब नछाडिने चेतावनी दिँदै वर्तमान प्रणालीलाई जनविरोधी र जनतामाथि थोपिएको दाबी गरेको छ।

उनले भने-“तिनै तहका सरकारहरूमा भ्रष्टाचार संस्थागत भएको छ। सत्ता सञ्चालन गरिरहेका प्रमुख दलहरू कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा र नयाँ भनिएको पार्टी रास्वपा पनि गलत दिशामा लम्किरहेका छन्। असफल संसदीय व्यवस्था संरचनामा बसेर विकास सम्भव छैन।” पार्टीका अनुसार, बहुमत, मसाल र वैद्य नेतृत्वका क्रान्तिकारी माओवादीबिचको एकतापछि पुनर्गठित पार्टीले हालसम्म देशभर १६ ब्युरो र ७७ जिल्लामा डेढ महिनाको जनसम्बन्ध विस्तार अभियान सञ्चालन गरिसकेको छ। सोही क्रममा न्यायिक समिति गठन गरिएको जानकारी दिइएको छ, जसले अबदेखि भ्रष्टाचारमा संलग्नहरूलाई “जनस्तरमै कारबाही गर्ने” तयारी गरेको पार्टीले जनाएको छ।

# बुटवलमा पाँच सय बढीलाई अटिजम सचेतना



बुटवल । बुटवलमा जेठ २७ गतेदेखि सञ्चालन भएको अटिजम सचेतना सम्पन्न भएको छ । पछिल्लो समय बालबालिकामा हुने जटिल समस्या अटिजमको बारेमा जानकारी गराउने उद्देश्यसहित बुटवलमा ९ दिनसम्म भएको सचेतना एक कार्यक्रमका बिचमा समापन गरिएको हो ।अटिजम केयर सोसाइटी लुम्बिनीको आयोजना बुटवल उप-महानगरपालिकाको सहकार्यमा बुटवलका सबै वडाबाट सहभागी ल्याएर ९ दिनसम्म सचेतना प्रदान गरिएको अटिजम केयर सोसाइटी लुम्बिनीका अध्यक्ष डा. शतिस रुपाखेतीले जानकारी दिए। तालिममा अहिलेसम्म पाँच सय बढीलाई अटिजम परीक्षण प्रदान गरिएको छ।

समापनको दिनमा बुटवलको १७ , १८ र १९ का जनप्रतिनिधि, टोल विकास संस्था, स्वास्थ्य स्वयंसेविका एवं सरोकारवालाहरुको सहभागिता रहेको थियो। बुटवल वडा नं. १९ का अध्यक्ष चन्द्रसिंह थापाले समाजका अगुवाले नै समस्याहरुको बारेमा थाह नपाउँदा अटिजम पीडितहरुको सहज वातावरण बन्नदिनको लागि समस्या देखिएको हुँदा यस्ता तालिमले निकै फाइदा पुगेको बताए।

अपाङ्गता राष्ट्रिय निर्देशक समितिका सदस्य साबित्रा घिमिरेले अटिजमलाई न्यूनीकरण र रोकथाम गर्नुपर्ने आवश्यकता औल्याउँदै यो के हो भन्ने थाह नहुँदा मानसिक रोगिको रुपमा पहिचान हुँदा पीडितलाई झन पीडा पुगेको बताइन्।

सोसाइटिका विशेष शिक्षिका मल्लिका घिमिरेले ९ दिनमा १९ वडाका पाँच सय बढीलाई अटिजमको आधारभूत जानकारी प्रदान गरिएको जनाइन्।

प्रशिक्षणमा अटिजम के हो, अटिजम भएका बच्चाहरूले सामना गर्ने कठिनाइ र चुनौतीहरू केके हुन्, अटिजमका संकेत र लक्षणहरू कस्ता हुन्छन्, अटिजमका कारण र जोखिमका कारकहरू के कस्ता हुन सक्छन्, अटिजमको प्रचलन, उपचार र निदान तथा व्यवस्थापनका रणनीतिहरू, अटिजमको शक्ति र यसबाट परिवारहरूमा पर्ने प्रभावलगायतका बारेमा सचेतना प्रदान हुँदै आएको विशेष शिक्षिका मल्लिका घिमिरेले जानकारी दिइन्।

प्रशिक्षकहरु सोसाइटिका विशेष शिक्षिका मलिका घिमिरे र प्यारेन्ट चाइल्ड ट्रेनर अनिशा बस्यालले सचेतनामा सहजीकरण गरेका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-८, रुपन्देही

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

बाढी र पहिरोबाट जोगिऔं।
बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौः
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com